नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

शाखाः मानवस्रोत विकास, योजना तथा अनुगमन

प.स. ०७७/७८ मानवस्रोत

च.नं.: ६९

मितिः २०७७/०७/१९

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्ने सूचना।**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.न. १३०, मिति २०७७/०७/१३ को पत्रवाट प्राप्त जानकारी अनुसार नेपाल सरकार र सार्वजनिक निकायमा कार्यरत **रा.प.द्वितीय श्रेणी वा सो सरह अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ उक्त प्रतिष्ठानले Advance Course on Management and Development (ACMD) विषयक प्रशिक्षण कार्यक्रम २०७७ मंसिर २२ गतेदेखि** ३५ कार्यदिन र **रा.प. तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यले Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम २०७७ मंसिर १५ गतेदेखि** ३५ कार्यदिन सम्म संचालन गर्न गइरहेको छ। उक्त कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण अनलाइन पद्धतीबाट संचालन हुनेछ। यस तालिममा यस कार्यालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूमध्ये प्रत्येक श्रेणीका लागि जेष्ठताका आधारमा १/१ जना मनोनयन गरी पठाउने गरी प्रशिक्षण प्रतिष्ठानबाट पत्र प्राप्त भएको हुँदा तपसिल अनुसारको विवरण सहित मिति २०७७/०७/२५ गतेसम्म यस कार्यालयको **मानव स्रोत विकास, योजना तथा अनुगमन शाखा (Email:-hrdsection@fcgo.gov.np)** मा आइपुग्ने गरी तपशिलको विवरण तथा शर्त अनुसार आवेदन पेश गर्नुहुन यो सूचना जारी गरिएको छ।

तपशिलः

१. नाम, थर :
२. कर्मचारी संकेत नं. :
३. मोबाइल नं. :
४. जन्म मिति :
५. स्थायी ठेगाना :
६. शैक्षिक योग्यता (उच्चतम मात्र):
७. हालको पद र नियुक्ती मिति :
८. कार्यरत कार्यालयको नाम र ठेगाना :
९. आफूले गर्नु पर्ने प्रमुख कार्यहरू :
१०. हालको श्रेणी/तहमा हुँदा पहिले कुनै तालिम लिएको भए :
 क) उक्त तालिमको विषय/शिर्षक :
 ख) प्रशिक्षणको अवधि :
 ग) प्रशिक्षण दिने संस्था र मुलुक :
११. यस भन्दा अगाडी हालको पदमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको तालिम नलिएको हुनुपर्ने।
१२. मनोनित हुने रा.प.द्वितीय श्रेणीको कर्मचारीले हालको पदमा २०७७ आश्विन मसान्तसम्म न्यूनतम २ बर्षको सेवा अवधि पुरा गरेको र रा.प.तृतीय श्रेणीको कर्मचारीले हालको पदमा २०७७ आश्विन मसान्तसम्म न्यूनतम ३ बर्षको सेवा अवधि पुरा गरेको हुनुपर्ने छ।

राम बाबु रिजाल
लेखा अधिकृत